# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।
फोन नं: ०१-४२००५११

प सं: ०६५।६६
च नं: ४०५

मिति: २०७५।१२।१

श्री स्थानीय तह, सबै ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यूहरु, सबै ।

विषय: स्वत समायोजन भएका स्थानीय तहका कर्मचारीको तह मिलान सम्बन्धमा ।

ललितपुर महानगरपालिका ललितपुरको मिति २०७५।११।१७ को पत्रसाथ प्राप्त हुन आएको कर्मचारी समायोजन सम्बन्धी नगरकार्यपालिकाको निर्णयको प्रतिलिपिबाट उक्त नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्मचारी समायोजन ऐन, २०७५ ले तोकेको मापदण्ड अनुसार समायोजन गरी पदस्थापन गरिएको जानकारी प्राप्त भयो ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई कर्मचारी समायोजन अध्यादेश, २०७५ प्रारम्भ हुँदाका बखत स्थानीय तहमा कार्यरत कर्मचारी वा प्रदेश वा स्थानीय तहमा सेवा हस्तान्तरण भएका समिति, आयोग, प्रतिष्ठान वा यस्तै प्रकृतिका सङ्गठित संस्थाका स्थायी कर्मचारीलाई अन्य सेवाका कर्मचारी र निजमती सेवा ऐन, २०४९ नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठन भएका सेवालाई सरकारी सेवाको रुपमा उल्लेख भएको छ । साथै, उक्त ऐनको दफा ७ को उपदफा ४ बमोजिम सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा कर्मचारीको सेवा अवधि र शैक्षिक योग्यताका आधारमा समायोजन हुने तह मिलान हुने प्रावधान रहेको छ । जस अनुसार अन्य सरकारी सेवामा कार्यरत कर्मचारी स्थानीय तहमा समायोजन हुँदा तहमिलान गर्ने प्रावधान रहेको देखिदैन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ को उपदफा ३ मा उक्त ऐन प्रारम्भ हुँदाका बखत स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरु सम्बन्धित स्थानीय तहमा स्वत समायोजन भएको मानिनेछ भन्ने प्रावधान रहेको छ भने कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा ४ ले साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समायोजन भई समायोजनको पत्र पाउन बाँकी रहेका कर्मचारीलाई सम्बन्धित स्थानीय तहले यो ऐन प्रारम्भ भएको मितिले दश दिनभित्र समायोजन भएको पत्र दिई सोको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ भन्ने प्रावधान रहेको छ जसअनुसार पनि

# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं।
फोन नं: ०१-४२००५११

प सं: ०७५।७६
च नं: ४०५

साविकका स्थानीय निकायमा स्थायी नियुक्ति पाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्वत: समायोजन भएका कर्मचारी समायोजन हुँदा तहमिलान गर्ने प्रावधान रहेको देखिँदैन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ को उपदफा १ बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुने प्रावधान रहेको र सोही ऐनको दफा ८३ को उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नुपर्नेछ भन्ने उल्लेख भएको हँदा हाल कर्मचारी समायोजनको कार्य सम्पन्न भइनसकेको तथा सङ्घीय कानून तर्जुमा भइनसकेको अवस्थामा स्थानीय तहबाट कर्मचारी समायोजन हुँदा तहमिलान गर्न सक्ने अवस्था देखिँदैन ।

प्रस्तुत सन्दर्भमा, स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सम्बन्धी सङ्घीय कानून तर्जुमा नहुँदासम्म र कर्मचारी समायोजनको कार्य सम्पन्न नहुँदासम्म स्थानीय तहबाट सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य गर्न तथा कर्मचारीको तहमिलान सम्बन्धी कुनै पनि कार्य गर्न कानूनत नमिल्ने हुँदा सोही व्यहोरा सबै स्थानीय तहलाई जानकारी गराउने तथा प्रचलित कानूनमा स्थानीय तहको कार्यपालिका वा सभाको बैठकको निर्णयबाट सिधै कर्मचारीको नियुक्ति, बढुवा, तहमिलान जस्त कार्य गर्न सकिने अवस्था नरहेकोले यस्ता निर्णय गर्दा कुन कानूनको कुन प्रावधान बमोजिम भएको हो एकीन गरेर मात्र मिर्णय कार्यान्वयन गर्न र प्रचलित कानूनमा स्पष्ट नभएको विषयमा भएको निर्णय कार्यान्वयनमा कुनै द्विविधा भएमा मन्त्रालयमा निर्देशन माग गर्न सबै प्रमुख प्रशासकीय अधिकृतहरुलाई निर्देशन दिने भनी नेपाल सरकार (माननीय मन्त्रीस्तर)बाट मिति २०७५।१२।१ मा निर्णय भएको हुँदा सोही बमोजिम गर्नु, गराउनु हुन निर्णयानुसार अनुसार छ ।

.............................
(जनकराज शर्मा)
शाखा अधिकृत

बोधार्थ

श्री सूचना तथा प्रविधि शाखा: वेभसाइटमा अपलोड गरिदिनु हुन ।